## रंगेली नगरपालिका

१ नं. प्रदेश, मोरङ

# रंगेली नगरपालिकाको राजपत्र

## रंगेली नगरपालिकाबाट प्रकाशित

खण्ड : ४   संख्या : ४ मिति : २०७७/०८/२८

भाग-२

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरसभाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

<u>स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धि निर्देशिका, २०७७</u>

प्रस्तावना : नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र मन्त्री परिषदबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित स्थानीय तहले आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि सरकारी, निजी, सामुदायिक, गैर सरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा संचालन अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाई यस नगरपालिका क्षेत्र भित्र स्वास्थ्य सेवा संचालन गर्न वान्छनीय भएकोले, यस रंगेली नगरपालिकाले स्थानीय तहका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशिका बनाएको छ ।

**परिच्छेद १**

<u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस दस्तावेजको नाम "स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धि निर्देशिका, २०७७" रहेको छ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "अनुगमन समिति" भन्नाले नगरपालिकाले गठन गर्ने अनुसुची १ बमोजिमको समिति सम्झनु पर्छ ।

(ख) "अनुमति प्रदान गर्ने निकाय" भन्नाले दफा ३ मा उल्लेखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ ।

(घ) "प्रादेशिक स्वास्थ्य संरचना" भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय वा विभाग सम्झनु पर्छ ।

(ङ) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उदेश्यले प्रचलित कानून बमोजिम संस्थापित सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैर सरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनु पर्छ ।

(च) "आयुर्वेद अस्पताल" भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शव्दले आयेर्वेद चिकित्सा पद्धति बाट उपचार गर्ने गरी सञ्चालन गरिएका नर्सिङ्ग होम, पोलि क्लिनिक, पञ्चकर्म अस्पताल समेतलाई जनाउछ ।

(छ) "गैरसरकारी अस्पताल" भन्नाले मूनाफारहित उदेश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(ज) "डाईग्नोस्टीक सेन्टर" भन्नाले निदानात्मक सेवाहरु जस्तैः प्रयोगशाला सेवा, रेडियो ईमेजिङ जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ ।

(झ) "निजी अस्पताल वा नर्सिङ्ग होम" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उदेश्यले प्रचलित कम्पनी कानून बमोजिम स्थापना भई अनुमति प्रदान गर्ने निकाय बाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजी अस्पताल वा नर्सिङ्ग होम सम्झनु पर्छ ।

(ञ) "पोली क्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा पाँच वटा सेवा जस्तैः बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ, फिजियोथेरापी, परिवार नियोजन, खोप सेवा आदी जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ ।

(ट) “कन्सल्टेन्ट” भन्नाले सम्वन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नाकोत्तर उपाधि डिग्री वा डिप्लोमा प्राप्त गरेका वा तोकिए बमोजिमका विशेषज्ञ तालिम प्राप्त गरी सम्वन्धित काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सक सम्झनु पर्छ ।

(ठ) “सरकारी अस्पताल” भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनु पर्छ ।

स्पष्टिकरण : यस खण्डका प्रयोजनका लागि “आंशिक स्वामित्व” भन्नाले नेपाल सरकारको कम्तीमा एकाउन्न प्रतिशत लगानीलाई समझनु पर्छ ।

(ड) “सहकारी अस्पताल” भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उदेश्यले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल समझनु पर्छ ।

(ढ) “सामुदायिक अस्पताल” भन्नाले सम्वन्धित सरकारी निकायमा संस्था दर्ता भई सामुदायिक लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफारहित उदेश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(ण) “स्वास्थ्य क्लिनिक” भन्नाले कुनैपनि व्यक्तिलाई स्वास्थ्य सम्वन्धि जाँच गर्ने, उपचार सम्वन्धि आवश्यक परामर्श, एक स्थानबाट पाँचवटा भन्दा कम सेवा जस्तै बहिरंग सेवा, प्रयोगशाला, रेडियोईमेजिङ, फिजियोथेरापी, खोप सेवा, परिवार नियोजन जस्ता सेवा उपलव्ध गराउनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्था सम्झनु पर्छ सो शव्दले निजी किलनिक, आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा समेतलाई जनाउँदछ ।

(त) “स्वास्थ्य संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भइ अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त अस्पताल, पोली क्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद अस्पताल समेतलाई जनाउछ ।

(थ) “स्वास्थ्य दर्ता गर्ने निकाय” भन्नाले यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा संचालन अनुमति लिनु पूर्व प्रचलित कानून बमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकाय सम्झनु पर्छ ।

(द) “गैर सरकारी अस्पताल” भन्नाले मुनाफरहित उदेश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयाजनको लागि प्रचलित कानून बमोजिम दर्ता भै अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(ध) “भवन संहिता” भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता समझनु पर्छ ।

(न) “भवन निर्माण मापदण्ड” भन्नाले भवन निर्माण सम्वन्धि मापदण्ड, २०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सम्वन्धि भवनको लागि छुट्टै मापदण्ड नभएको स्थानको हकमा अनुसुची-२ मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

## परिच्छेद २

स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया

३. **स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायहरु** : (१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न देहायका निकायले अनुमति दिन सक्नेछ :-

(क) स्वास्थ्य क्लिनिक , डाईग्नोस्टिक सेन्टर, पोली क्लिनिक तथा पच्चिस शैया सम्मका जनरल अस्पतालका लागि सम्वन्धित नगरपालिकाको कार्यपालिकाको निर्णय अनुसार ।

(ख) आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सा संग सम्वन्धित स्वास्थ्य संस्थाहरुका हकमा दश शैया सम्म्का अस्पतालका लागि सम्वन्धित नगर पालिकाको कार्यपालिकाको निर्णय अनुसार ।

(ग) पच्चिस शैया देखि माथिका अस्पतालहरु र विशेषज्ञ अस्पताल दर्ता गर्नको लागि सम्वन्धित नगरपालिकाको कार्यपालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचना वा मन्त्रालयबाट ।

(घ) नगर पालिकाको कार्यपालिकामा स्वास्थ्य संस्था दर्ता वा स्तरोन्नती भएपछि सोको बिवरण तोकिएको ढाँचामा प्रादेशिक स्वास्थ्य संरचनालाई दिनु पर्ने छ ।

४. **पूर्वाधार निर्माण मनसाय पत्रका लागि निवेदन दिनु पर्ने** : (१) यस निर्देशिका बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्न्ती गरी स्वास्थ्य सेवा संचालन गर्न ईच्छुक स्वास्थ्य संस्थाले आवश्यक पुर्वाधार निर्माण गर्ने प्रयोजनका लागि अनुसुची ३ बमोजिमका ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) **बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त भएको १५ कार्यदिन भित्र देहायका बिवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछ :-**

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यवसायिक कार्य योजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांङ्क प्रतिवेदन,

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्‍याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या/जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्‍याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुर्‍याउने थप योगदान,

(३) अनुगमन समितिले उपदफ (२) मा उल्लेखित विषयहरुको विश्लेषण गरी **स्पष्ट राय सहितको प्रतिवेदन तीस कार्यदिन भित्र** अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनका आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा **प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र कार्यदिन भित्र अनुमति अनुमति प्रदान गर्ने निकायले बढीमा तीन बर्ष सम्मको समयावधि** दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसायपत्र (Letter of Intent) प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधि भित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्वन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा अनुमति प्रदान गर्ने निकायले त्यस्ता अस्पताललाई **बढीमा दुई बर्षमा नबढने गरी** पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ ।

**५. सञ्चालन अनुति दिन सकिने** : (१) दफा ४ बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भएपछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित सम्वन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी **अनुसुची ४ बमोजिमको ढाँचामा** अनुमति प्रदान गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।

तर **स्वास्थ्य क्लिनिक, रेडियो ईमेजिङ सेवा तथा पोलि क्लिनिक स्थापना तथा सञ्चालन अनुमतिका लागि अनुसुची ५ बमोजिमको ढाँचामा** निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त गरेको मितिले **सात दिन भित्र** अनुगमन समिति खटाउनु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम खटिएको अनुगमन समितिले **पन्ध्र कार्य दिन भित्र** स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस निर्देशिकामा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई अनुमति प्रदान गर्ने निकायले **पाँच बर्षका लागि** स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्वन्धमा उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएको मितिले **सात कार्यदिन भित्र** निर्णय गरी सक्नु पर्नेछ र सोको जानकारी सम्वन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) **यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तर दफा (५) बमोजिम अनुमतिका लागि निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले अनुसुची ६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी दस्तुर लिई एक पटकको लागि** निर्देशिका बमोजिमको प्रक्रिया पूरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

(७) **यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भई अनुमतिको लागि निवेदन दिएका स्वास्थ्य संस्थाले अनुसुची ६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त तीन गुणा बढी दस्तुर बुझाएमा एक पटकको लागि निर्देशिका बमोजिमको प्रक्रिया पूरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।**

(८) उपदफा (२) (३) र (५) बमोजिम तोकिएको म्याद भित्र अनुमति प्रदान गर्ने निकाय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले एक तह माथिल्लो निकायमा उजुर गर्न सक्नेछ । यसरी प्राप्त भएको उजुरी सम्वन्धमा सम्वन्धित माथिल्लो निकायले उपदफा (२) (३) र (५) मा तोकिएको म्यादमा बदढने गरी शिघ्र अनुगमनको व्यवस्था मिलाई सञ्चालन अनुमतिको व्यवस्था गरिदिन सक्नेछ ।

६. **थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने** : स्वास्थ्य संस्थाले आँफुले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट यस निर्देशिका बमोजिमका प्रकृया पूरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ ।

७. **पुनः अनुमति प्राप्त गर्न निवेदन दिनुपर्ने** : (१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालन स्वीकृति लिएका स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड कार्यान्वयन प्रयोजनका लागि यो निर्देशिका प्रारम्भ भए पछि तोकिएको अवधि भित्र पूर्वाधार तयारी योजना (भवन प्रवलीकरण वा नयाँ निर्माण योजना) सहित सम्वन्धित अनुमति प्रदान गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले त्यस्ता स्वास्थ्य संस्थालाई यस निर्देशिका बमोजिम तोकेको पूर्वाधार तयार गर्नका लागि **तीन बर्ष र मापदण्ड कायम गर्नका लागि एक बर्षको समयावधि दिन सक्नेछ ।**

(३) उपदफा (२) बमोजिम समयावधि थप भएका स्वास्थ्य संस्थाले प्रत्येक छ/छ महिनामा प्रगति प्रतिवेदन सम्वन्धित अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्रवलिकरण हुने अस्पताल वा नँया निर्माण गर्न अनुमति लिई साविकको भवनबाट सेवा दिईरहेका स्वास्थ्य संस्थाले निर्माण अवधिभरका लागि भवनको कारण वा अस्पतालको औजार उपकरणले हुन सक्ने दुर्घटनाको लागि शैया क्षमता बराबरका संख्यामा प्रति व्यक्ति पचाँस हजार रुपैया बराबरका सामुहिक दुर्घटना बीमाको व्यवस्था गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमका प्रक्रिया पूरा गरेका स्वास्थ्य संस्थालाई दफा ५ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ ।

(६) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिए पनि अनुमति नपाउने वा निर्धारित अवधि भित्र पूर्वाधार वा मापदण्ड कायम नगर्ने स्वास्थ्य संस्थाको अनुमति त्यस्तो अनुमति दिने निकायले रद्द गर्नेछ ।

८. **अनुमति दस्तुर बुझाउनु पर्ने** : स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्वन्धित स्वास्थ्य संस्थाले **अनुसुची ६** मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर अनुमति प्रदान गर्ने निकायलाई बुझाउनु पर्नेछ ।

९. **नविकरण गराउनु पर्ने** : (१) यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न **अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष नविकरणका लागि निवेदन दिनु पर्नेछ । अनुमति प्रदान गर्ने निकायले अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिना भित्र आवश्यक जाँचबुझ गरी नविकरण गर्नु पर्नेछ ।**

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अनुमति प्रदान गर्ने निकायले **अनुसुची ६** मा उल्लेख भए बमोजिमको दस्तुर लिई **तीन बर्षका लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमतिको नविकरण गरिदिन सक्नेछ । तर सो निर्देशिका प्रारम्भ हुन अघि स्वास्थ्य संस्था सञ्चालन गर्ने अनुमति पाएका स्वास्थ्य संस्थाको हकमा त्यस्तो स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको मापदण्ड तथा पूर्वाधार कायम नगरेसम्म तीन बर्षमा नबढाई प्रत्येक एक बर्षका लागि अनुमति नविकरण गरिदिन सक्नेछ** ।

(३) उपदफा (१) बमोजिमका अवधि भित्र मनासिव कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप तीन महिना भित्र निवेदन पेश गरेमा **दोब्बर नविकरण दस्तुर लिई** सम्वन्धित निकायले सेवा सञ्चालन अनुमति नविकरण गरिदिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिमको अवधि भित्र नविकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमति पत्र स्वतः खारेज हुनेछ र सो को जानकारी प्रादेशिक स्वास्थ्य संरचनामा दिनु पर्नेछ ।

(५) दफा (४) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि यो उपदफा प्रारम्भ हुँदाका बखतसम्म अनुमति नविकरण नगरेका स्वास्थ्य संस्थाले तोकिएको समय भित्र अनुमतिका लागि निवेदन दिएमा **अनुसुची ६** मा उल्लेख भए बमोजिमको **दस्तुरको अतिरिक्त पाँच गुणा बढी** नविकरण दस्तुर लिई एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पूरा गरी त्यस्तो अनुमति नविकरण गरिदिन सक्नेछ ।

१०. **गुणस्तर तथा मापदण्ड अनुगमन सम्वन्धि व्यवस्था** : (१) स्वास्थ्य संस्थाले आफुले प्रदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्वन्धमा प्रत्येक बर्ष परीक्षण (स्वाःमूल्यांकन) गराई सो को प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिना भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न अनुमति प्रदान गर्ने निकायले निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमति प्रदान गर्ने निकाय, प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयले आवश्यक्ता अनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा नमुना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस निर्देशिकाको मापदण्ड पूरा गरे नगरेको सम्वन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सकनेछ ।
(४) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रादेशिक स्वास्थ्य संरचना तथा मन्त्रालयले जुनसुकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेको अस्पताल वा स्वास्थ्य संस्था र अनुमति प्रदान गर्ने निकायको समेत अनुगमन गर्न सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(६) यस दफा बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस निर्देशिका बमोजिमका गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित अनुमति प्रदान गर्ने निकायले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरि आएको सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नु पूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेश गर्न मौका दिनु पर्नेछ ।

(८) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई या व्यवस्थाले सीमित गर्ने छैन ।

(९) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिने प्रक्रिया प्रारम्भ नगरेका स्वास्थ्य संस्थामा कुनै पनि चिकित्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन । कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीको लागि सम्बन्धित परिषदमा लेखी पठाईने छ ।

११. निवेदन दिन सक्ने : (१) दफा १० को उपदफा (७) बमोजिम दिएका आदेश वा अनुगमन समितिले यस निर्देशिका बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिन भित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनराबलोकनको लागि प्रादेशिक स्वास्थ्य संरचना समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर अनुमति प्रदान गर्ने निकायको प्रतिकृया समेत लिई प्रादेशिक स्वास्थ्य संरचनाले छानविन गरी यथाशीघ्र निर्णय गर्नेछ र सो सम्बन्धमा प्रादेशिक स्वास्थ्य संरचनाले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्ने : स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा वढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकाय समक्ष त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्तरुपमा निवेदन दिन सक्नेछन् ।

१३. **अनुमति खारेजी तथा कारवाही सम्बन्धि ब्यवस्था :** (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अनुमति प्रदान गर्ने निकायले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नविकरण गर्नको लागि एक पटकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको र दफा ९ को उपदफा (५) बमोजिमको अवधि भित्र अनुमति नविकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ ।

## परिच्छेद ३
## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

१४. **स्वास्थ्य सेवा सञ्चालन** : (१) यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुदैन ।

(२) कसैले यस निर्देशिका बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्थालाई आवश्यक कानूनी कारवाहीको लागि गृह मन्त्रालय मार्फत वा सोझै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनेछ र त्यस्ता संस्थाका सञ्चालक भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरी अभिलेख समेत राखिनेछ ।

(३) स्वास्थ्य संस्थाले आफनो उद्देश्य र क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहायका सेवाका समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ :-

(क) आकस्मिक सेवा,
(ख) बहिरंग सेवा,
(ग) अन्तरंग सेवा,
(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियोईमेजिङ आदि),
(ङ) शल्यक्रिया सेवा,
(च) सघन उपचार सेवा,
(छ) प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा,
(ज) विशेषज्ञ सेवा,
(झ) फार्मेसी सेवा,
(ञ) रक्त सञ्चार सेवा,
(ट) फिजियोथेरापी सेवा,
(ठ) शवगृह व्यवस्था,
(ड) अस्पताल व्यवस्थापन,
(ढ) वातावरण व्यवस्थापन,
(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन ।

१५. गुणस्तर सुनिश्चितता सम्वन्धि मापदण्ड : (१) स्वास्थ्य संस्थाले दफा ३ बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका उल्लिखित मापदण्डहरुको समेत पालना गरेको हुनु पर्नेछ :-

(क) बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, बिशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) **स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुन पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।**

(ग) **स्वास्थ्य संस्थाले विभिन्न ईकाई बाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्य सञ्चालन निर्देशिका (standard Operating Manual) तयार गरी लागु गर्नु पर्नेछ ।**

(घ) **स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका ( दिन र बार खुल्ने गरी) सवैले देख्ने ठाउँमा राखिएको हुन पर्नेछ ।**

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित बिशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) बिरामीले आफूले सेवा लिन चाहेका चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धति बारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनु पर्नेछ ।

(झ) सवैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनु पर्नेछ ।

(ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएका उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको बिरामी बडापत्र (Patient Charter) अस्पतालमा नेपाल सरकारले अनुसूची ७ ढाँचामा तयार गरीए अनुरुप सबैले देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाका सुनिश्चितता गर्नु पर्नेछ ।

(ठ) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिन व्यवस्था गरेको हुनु पर्नेछ ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनु पर्नेछ ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकार बाट सञ्चालित सेवावा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

(त) अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मी बाट आकस्मिक सेवा दिएको हुन पर्नेछ ।

(थ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनु पर्नेछ र सो को विवरण **अनुसुची ८** बमोजिमको ढाँचामा सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(द) आकस्मिक विभाग वाट बिरामी भर्ना गर्ने, रिफर गर्ने, बिरामीको रेफरल प्रकृया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुन पर्नेछ र सो को व्यवहोरा बमोजिमको ढाँचामा सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(ध) अस्पतालमा उपचारका लागि आउने **विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ** ।

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सो को प्रतिवेदन सम्बन्धित पालिकाको कार्यालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

(प) अस्पतालहरुमा **ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमका सुविधाका व्यवस्था हुनपर्ने र आवश्यक मात्रामा शैया छुटयाउनु पर्नेछ ।**

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्र भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(ब) अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्नेछ । सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सो को जानकारी सम्बन्धित पालिकाको कार्यालय जिल्ला र समन्वय समितिमा दिनु पर्नेछ ।

(भ) अस्पतालले सूचना अधिकारी तोक्नु पर्नेछ ।

(म) निजी तथा सरकारी अस्पतालले महामारी तथा दैवी प्रकोपजन्य प्राकृतिक घटनाको परिणाम भयावह स्थिति सिर्जना भएको अवस्थामा नगरपालिका वा नेपाल सरकारले आवहान गरेको अवस्थामा स्वयं सेवक सेवाको रुपमा सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद ४

## अस्पताल सम्बन्धी मापदण्डहरू

**१६.** अस्पताल सम्बन्धी मापदण्डहरु स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० अनुसार हुनेछ ।

## परिच्छेद ५

## मानव संशाधन व्यवस्थापन

**१७. जनशक्ति विकास योजना :** अस्पतालको शैया क्षमताका आधारमा देहाय बमोजिमको न्यूनतम जनशक्तिको व्यवस्था भएको हुनु पर्नेछ :-

क) **प्रति पच्चीस शैयाका लागि एक जना एम.डी.जी.पी. चिकित्सक हुनपर्नेछ ।** तर एम.डी.जी.पी. चिकित्सक नपाईने अवस्थामा **पच्चीस शैयाका अस्पतालमा प्रसुती** तथा **स्त्री रोग विशेषज्ञ** र **बाल रोगविशेषज्ञ** हुनुपर्नेछ ।

(ख) **शल्यक्रिया प्रदान गर्ने कक्षमा प्रति शैया कम्तीमा एक जना शल्यचिकित्सक, एक जना एनेस्थेटिक्स, एक जना ईन्चार्ज, एकजना शल्यक्रिया सहायक र एक जना नर्स ।**

(ग) जनरल कक्ष (General Ward) मा **प्रति चार देखि छ शैयामा एक जना स्टाफ नर्सको व्यवस्था भएको** ।

(घ) ईमर्जेन्सी तथा पोष्ट अपरेटिभ कक्ष (Post Operative Ward) मा **प्रति दुई शैयामा एक जना नर्स ।**

(ङ) सघन उपचार कक्ष (आई.सी.यू.,एन.आई.सी.यू,सी.सी.यू. आदि) मा **प्रति शैयामा एक जना स्टाफ नर्सको व्यवस्था ।**

(च) प्रसुती कक्षका लेवर वेडमा **प्रति वेड दुई** एस.वी.ए. **(Skill Birth Attendants) तालिम प्राप्त नर्स वा मीडवाईफ्रीको व्यवस्था ।**

(छ) अस्पतालमा **कम्तीमा एक जना मेडिकल रेर्कडर ।**

(ज) अस्पतालमा **चौबीसै घण्टा सेवा उपलब्ध गराउने गरी फर्मासिष्ट लगायत आवश्यक संख्यामा जनशक्तिको व्यवस्था ।**

(झ) अस्पतालमा **कम्तीमा दुई तिहाइ पूर्णकालीन स्वास्थ्यकर्मी ।**

(ञ) सरकारी स्वास्थ्यकर्मीहरुबाट सेवा लिनुपर्ने अवस्थामा सम्बन्धित निकायको स्वीकृति पत्र ।

(ट) हरेक स्वास्थ्यकर्मीले सम्बन्धित व्यवसायिक काउन्सिलवाट दर्ता नम्बर लिएको ।

(ठ) विदेशी स्वास्थ्यकर्मी वा स्वयम्सेवकले मन्त्रालयको सिफारिसमा सम्बन्धित काउन्सिलवाट स्वीकृति लिएको ।

**१८. जनशक्ति सम्वन्धि बिस्तृत बिवरण** : जनशक्ति सम्बन्धी विस्तृत विवरण स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० अनुसार हुनेछ ।

## परिच्छेद ६

## औजारतथा उपकरणहरु

१९. औजार तथा उपकरण सम्बन्धी व्यवस्था स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० अनुसार हुनेछ ।

## परिच्छेद ७

## सेवा सम्बन्धी व्यवस्था

२०. विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालका पूर्वाधार तथा मापदण्डहरु : विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालको पूर्वाधार तथा मापदण्डहरुको व्यवस्था स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० अनुसार हुनेछ ।

२१. स्वास्थ्य क्लिनिक/पोली क्लिनिक सम्वन्धि मापदण्ड तथा पूर्वाधारहरु :

(१) स्वास्थ्य क्लिनिक/पोली क्लिनिकमा स्वास्थ्य जाँचगर्न चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि **MBBS** वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ ।

(२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण गरी परामर्श सेवा तालीम प्राप्त हुनु पर्नेछ ।

(३) पोली क्लिनिकमा रेडियोलोजी इमेजिङ सेवा, प्रयोगशाला तथा औषधी उपचार सेवा सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निर्धारित पूर्वाधार पुरा गर्नु पर्नेछ ।

(४) स्वास्थ्य क्लिनिक/पोली क्लिनिकमा स्वास्थ्य सेवा संचालनका लागि देहाय बमोजिमका आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनु पर्नेछ :-

| | |
|---|---|
| (क) बिरामीको जाँच गर्न **Well Ventilated** वा **AC** कोठा (सेवा अनुसारको छुट्टा छुट्टै (कम्तीमा १४ वर्ग मिटरका) | १ |
| (ख) बिरामी बस्ने ठाँउ (कुर्ने ठाउँ) | १ |
| (ग) बिरामी जाँच्ने टेबुल | १ |
| (घ) चिकित्सकका लागि टेबुल | १ |
| (ङ) चिकित्सकका लागि कुर्सी | १ |
| (च) बिरामी बस्ने टुल | १ |
| (छ) शौचालयको व्यवस्था (अपाङ्ग मैत्री सहित) | २ |

(ज) टेलिफोन, इन्टरनेट **/web page**

(झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचना मूलक पोष्टर तथा अन्य सामग्री

(ञ) स्वच्छ पानीको आपूर्ति

(ट) निरन्तर विधुत आपूर्ति

(५) सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ ।

(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टर गर्नु पर्नेछ ।

(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नु पर्नेछ ।

(८) क्लिनिकमा काम गर्ने सम्पुर्ण कर्मचारीको योग्यताको प्रमाण प्रत्रको प्रमाणित प्रतिलिपी साथै प्रविधिक कर्मचारीहरुको सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी राख्नु पर्नेछ ।

(९) सेवा शुल्क र आयकर प्रमाण पत्र सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(१०) पालिकाबाट तोकिएको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन पालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

२२. रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरु :

(१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियोजी वा डाईग्नोष्टिक सेवा अन्तरगत देहायका प्रविधिहरु समावेश गरिएको छ :-

- X-ray (300 mA सम्म )
- Ultrasonogram (USG)

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेकका थप प्रविधिको लागि माग भएमा पालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृती दिनेछ ।

(३) रेडियोलेजी डायग्नोष्टिक तथा ईमेजिङ्ग सेवाबाट पर्ने विकिरणका दूष्प्रभावलाई कम गर्नका लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिनेछ :-

(क) **एक्सरेका लागि :**

(१) एउटा एक्सरे मेसिनका लागि कम्तीमा २२५ स्क्वायर फिटका कोठा हुनु पर्ने ।

(२) एक्सरे गर्ने कोठाका wall thickness (क) ९ ईञ्च With Plaster of Paris वा (ख) ६ Inch with 20 mm lead barrier वा (ग) २.० एम एम lead thickness हुनुपर्ने साथै झ्याल ढोका तथा भित्ताबाट हुने विकिरणका चुहावट हुन नसक्ने गरी आवश्यक व्यवस्था भएको हुनुपर्ने ।

(३) x-ray सेवाप्रदान गर्ने व्यक्तिका लागि एक्सरे कोठाभित्र ०.५ mm को एप्रोन तथा radiation protective measures का व्यवस्था हुन पर्ने ।

(४) Radiology मा कार्यरत कर्मचारीहरुका लागी radiation dose monitor उपलब्ध हुनु पर्दछ र समय समयमा Radiation Survey Monitoring गर्नु पर्ने ।

(५) Eye, Gonadal, Thyroid Gland आदिका Protection को लागी Lead glass/ gloves/ lead aprone को व्यवस्था हुनुपर्ने ।

(६) x-ray एक्सपोज गर्ने कोठा डार्करुम र प्रतिक्षा गर्ने कक्ष छुट्टा छुट्टै हुनुपर्ने ।

(७) Radiology विभागमा जनसाधारणले देख्ने ठाउँमा X-ray विकिरणले स्वास्थ्यमा खराव असर पर्न सक्छ भन्ने वारे सुचना गर्ने । साथै सुचनामा गर्भवती महिला तथा बालवालिकालाई अनावश्यक विकिरणबाट बच्न अनुरोध गर्ने ।

(ख) **रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता** : रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता देहाय बमोजिम हुनुपर्नेछ ।

(१) रेडियोलोजिष्ट : मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक तह उतिर्ण गरी रेडियोलाजी बिषयमा एम डी, डी एम आर डी, एफ आर सी आर वा सो सरह कार्ष उतिर्ण गरेको हुनु पर्नेछ ।

(२) रेडियोलोजी एण्ड ईमेजिङ्गका रिपोर्टिङ्ग रेडियोलोजिष्टहरले मात्र गर्न पाउनुको साथै Radiological Interventional Proccedure हरु पनि यथासम्भव रेडियोलोजिष्टले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति वा योग्यता निम्न बमोजिम हुनु पर्नेछ :

(क) Medical Physicist :- Medical Physics बिषयमा Bsc वा Msc उतिर्ण गरेको ।

(ख) बायोमेडिकल ईन्जिनियर :- बायोमेडिकल ईन्जिनियरिङ्ग बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उतिर्ण गरेको हुनु पर्नेछ ।

(ग) सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट :- सम्वन्धित विषयमा Msc Radiography गरी कम्तिमा स्नातक तहमा ३ बर्ष काम गरेको हुनु पर्नेछ ।

(घ) रेडियोग्राफिक अधिकृत (रेडियोग्राफिक टेक्नोलोजिष्ट) :- चिकित्सा शास्त्र अध्ययन संस्थान वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थान यस रेडियोग्राफिक बिषयमा (Bsc. MLT,

Bsc. RT) स्नातक तह उतिर्ण गरेको हुनुपर्नेछ । साथै NHPC ( Nepal Health Professional Council) मा दर्ता हुनु पर्नेछ ।

(ङ) रेडियोग्राफर :- चिकित्सा शास्त्र अध्ययन संस्थानबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थाबाट रेडियोग्राफी बिषयमा प्रमाण पत्र तह उतिर्ण गरेको हुनुपर्नेछ ।

(ग) **Radiation Measurement and protection सम्वन्धि व्यवस्था :** Radiation Protection व्यवस्थित गर्न र X-ray Unit हरुको गुणस्तर नाप गर्नलाई चाहिने आवश्यक उपकरण खरीद गरी स्वास्थ्य मन्त्रालयले तोकेको निकायमा राख्ने र अनुगमन तथा निरक्षिणमा प्रयोग गर्ने र गुणस्तर, Dose Monior गर्ने । विश्व स्वास्थ्य संगठनका मापदण्ड अनुसार कुनै काम गर्ने व्यक्तिमा radiation का dose Milisievert per year (WHO) को सन् २००२ को मापदण्ड अनुसार देखिएमा उपयुक्त क्षतिपुर्तिको व्यवस्था सम्वन्धित संस्थाले मिलाउनु पर्नेछ ।

(घ) **Ultrasonogram (USG) :** Ultrasonogram (USG) को प्रयोग सम्वन्धमा Radiologist हरु बाहेक आफ्नो क्षेत्रमा मात्र प्रयोगमा ल्याउने गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ३ महिनाको USG तालिम प्राप्त गरेको स्त्री तथा प्रसुति रोग सम्वन्धि विशेषज्ञहरुले गर्न पाउनेछन । सेवा सञ्चालन गर्न आवश्यक पर्ने निम्न बमोजिमका उपकरणहरुका व्यवस्था हुनु पर्नेछ ।

(१) ईमर्जेन्सी सेवामा चाहिने औषधि लगायत औजार उपकरणहरुको व्यवस्था हुनु पर्नेछ ।

(२) स्ट्रेचर, ह्वील चियरको व्यवस्था हुनु पर्नेछ ।

(३) शौचालयको राम्रो व्यवस्था हुनु पर्नेछ ।

(४) रेकर्डिङ तथा रिपोर्टिङका लागि छुट्टै कोठाको व्यवस्था हुनु पर्नेछ ।

(५) वैकल्पिक विधुतका लागि जेनेरेटरको व्यवस्था हुनु पर्नेछ ।

(६) बिरामीका लागि र बिरामी कुरुवा बस्नका लागि कोठा लगायत बेञ्चको व्यवस्था हुनु पर्नेछ ।

(७) स्टोर, रिपोर्ट Distribution का लागि छुट्टाछुट्टै कोठाको व्यवस्था हुनु पर्नेछ ।

(८) Medical Equipment repair & maintenance गर्दा Biomedical Engineer वा Radiological उपकरण सम्वन्धि विशेष तालिम प्राप्त व्यक्ति हुनु पर्नेछ ।

(९) विकिरण क्षेत्रमा काम गर्नेलाई अनिवार्य रुपमा रेडिएसन भत्ताको व्यवस्था हुनुपर्नेछ ।

(ङ) रेडियोलाजी सेवाको लागि न्यूनतम उपकरण तथा जनशक्ति पूर्वाधारहरु :

| सि.नं. | विवरण | क्लीनीक | २५ शैया | कैफियत |
|---|---|---|---|---|
| १. | एक्स रे मेशन | १०० एम ए-१ | ३०० एम ए -१ | |
| २. | एक्स रे मेशन पोर्टेवल मोवाईल | स्वेच्छिक | १०० एम ए-१ | |
| ३. | अल्ट्रासाउण्ड मेशिन | स्वेच्छिक | स्वेच्छिक | |
| ४. | **जनशक्ति :** | | | |
| | रेडियोलोजिष्ट | आंशिक समय | आंशिक समय | |
| | सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट | स्वेच्छिक | स्वेच्छिक | |
| | रेडियोग्राफिक अधिकृत | १ | १ | |
| | रेडियोग्राफर | २ | २ | |

(च) स्वास्थ्य मन्त्रालयको स्वीकृति विना Radiology सम्वन्धि मेशिन नेपालमा पैठारी गर्न पाईने छैन् ।

२३. **प्रयोगशाला सेवा** : (१) प्रयोगशाला सेवा सञ्चालनकका लागि प्रयोगशालाहरुको स्तर, विभाजन र जनशक्ति देहाय बमोजिम हुनेछ ।

(क) **जनरल प्याथोलोजी** : योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उतिर्ण गरी MD Path. , MRC Path. DCP वा सो सरह उतिर्ण गरेको हुनु पर्नेछ ।

(ख) **माईक्रोबायोलोजी** : योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Microbiology उपाधी प्राप्त ।

(ग) **हेमाटोलोजी** : योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Hameatology उपाधी प्राप्त ।

(घ) **MD Biochemistry** : योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Biochemistry उपाधी प्राप्त ।

(ङ) **मेडिकल टेक्नोलोजिष्ट** : योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट Medical Lab Technology बिषयमा स्नातक BMLT उपाधी प्राप्त ।

गर्न पाउने परीक्षणहरु : Histopathology, Cytopathology & Bone Marrow study बाहेकका सबै परिक्षणहरु ।

(च) **विशेषज्ञ मेडिकल टेक्नोलोजिष्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Medical Lab Technology बिषयमा स्नातकोत्तर उपाधी MMLT प्राप्त ।

MMLT/ M.Sc.Microbiology, MMLT/ M.Sc. Haematology, MMLT/ M.Sc. Biochemistry, MMLT/ M.Sc. Cytology गरेकाहरुले जुन बिषयमा आफूले उपाधि प्राप्त गरेका छन सोही बिषयमा मात्र प्रयोगशाला सञ्चालन गरी बिशेषज्ञ सेवा प्रदान गर्न पाउने छन् ।

(छ) **ल्याव टेक्निशियन** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित बिषयमा प्रमाण पत्र तह (Medical Lab Technology) वा सो सरह उतिर्ण ।

गर्न पाउले परीक्षणहरु :- २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्वन्धि परीक्षणहरु ।

(ज) **ल्याव असिस्टेन्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एक बर्ष वा १५ महिनाको ल्याव असिस्टेन्ट तालिम पूरा गरी प्रमाण पत्र प्राप्त गरेका ।

गर्न पाउने परीक्षणहरु : २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्वन्धि आधारभुत परीक्षणहरु ।

**नोटः** माथी उल्लेखित जनशक्तिहरुले योग्यता हासिल गरेको बिषयको पाठ्यक्रममा उल्लेखित सम्वन्धित परीक्षण गर्न पाउनेछन् ।

(२) उपदफा (१) मा उल्लेखित जनशक्तिहरुले आफूले प्राप्त गरेका प्रमाणपत्रका आधारमा व्यवसाय गर्न नेपाल सरकारले तोकेको परिषदमा दर्ता हुनु पर्नेछ ।

२४. प्रयोगशाला सञ्चालन सम्वन्धि न्यूनतम मापदण्ड : देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुनेछ ।

(क) प्रयोगशालामा कार्यरत जनशक्ति अनुसार देहायमा लेखिए बमोजिमका परीक्षणहरु मात्र गर्न पाउनेछ ।

(ख) आकस्मिक सेवा प्रदान गर्ने हरेक अस्पतालमा शैया अनुसारका आवश्यक पर्ने आकस्मिक परीक्षणहरु गर्नु पर्नेछ । आई.सि.यु. सेवा प्रदान गर्ने अस्पतालहरुमा Blood gas Analyzer हुनु पर्नेछ ।

(ग) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्वद्ध निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रण सम्वन्धि कार्यक्रममा अनिवार्य रुपमा भाग लिनु पर्नेछ ।

(घ) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट पठाईने गुणस्तर सम्वन्धि परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकाश र भेन्टीलेशनको व्यवस्था हुनु पर्नेछ ।

(च) बिजुली र पानीको राम्रो व्यवस्था हुनु पर्नेछ ।

(छ) प्रयोगशालाले फोहोर व्यवस्थापन नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गरेको हुनु पर्नेछ ।

(ज) प्रयोगशालामा रगत तान्ने कोठा, सफा गर्ने कोठा, आकस्मिक कोठा, नमूना परीक्षण गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्था हुनु पर्नेछ ।

(झ) प्रयोगशालामा आवशयक पर्ने टेबुल, कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनु पर्नेछ ।

(ञ) प्रयोगशालामा विशेषज्ञ सेवा प्रदान गर्दा आफुले जुन उपाधी प्राप्त गरेको छ सोही अनुसार मात्र सेवा सञ्चालन गर्न पाउनेछ ।

(ट) प्रयोगशालाको रिपोर्ट प्रमाणित गर्नेको नाम, शैक्षिक योग्यता एवम परिषदको दर्ता नम्बर उल्लेखित स्टाम्प वा प्रिन्टको प्रयोग उल्लेख गरेको हुनु पर्नेछ ।

## परिच्छेद ८

### आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्वन्धि स्वास्थ्य संस्थाहरुका मापदण्ड

**२५. आयुर्वेद तथा चिकित्सा सम्वन्धि स्वास्थ्य संस्थाहरुका मापदण्ड :** (१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा स्वास्थ्य संस्थाका स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा देहायका मापदण्डहरुको पालना गर्नु पर्नेछ ।

(क) **आयुर्वेद स्वास्थ्य सेवा** :

(१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्वन्धित बिषयमा मानयता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएको हुनु पर्नेछ । नेपाल सरकारका वहालवाला कर्मचारी भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) पञ्चकम सेवा केन्द्रमा सम्वन्धित बिषयमा कम्तिमा बि.ए.एम.एस. वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विरेचन, शिरोविरेचन, आस्थापन, अनवासन वस्ति र रक्तमोक्षण प्रयोग गर्नुपर्ने र उत्तरवस्तिका लागि सम्वन्धित विशेषज्ञबाट गर्नुपर्नेछ ।

(३) आयुर्वेद अस्पतालमा काम गर्न कर्मचारीलाई संक्रमण सुरक्षा सम्वन्धि आवश्यक तालिम दिनुपर्नेछ ।

(४) आयुर्वेद अस्पताल जनशक्ति, भौतिक पूर्वाधार, औजार उपकरण र सेवाका गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतीका लागि माग गर्न र उपयुक्त ठहर भएमा शाखा विस्तारका स्वीकृति दिन सकिनेछ ।

(५) बिरामीका उपचारका सिलसिलामा आवश्यक्ता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रेफर) गर्नु पर्नेछ ।

(६) रोग निदानार्थ आवश्यक पर्ने ई.सि.जी., इ.इ.जी.,प्याथोलोजी, रेडियोलाजी तथा अन्य आवश्यक सेवाहरु संचालन गर्नु परेमा सम्वन्धित बिषयका जनशक्ति र सो सम्वन्धि भौतिक पूर्वाधार, औजार उपकरण नीति नियमको पालना गर्नुपर्नेछ ।

(७) ईन्टिग्रेटेड क्लिनिक, नर्सिङ्ग होम वा असपताल भनी स्वीकृतिका लागि माग भएमा कुन कुन बिषय र सेवा दिने उदेश्य राखिएको हो ? सो प्रष्ट उल्लेख गरी सोही बमोजिमका जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नु पर्नेछ ।

(८) आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि द्रव्य काष्ठौषधि, रसौषधिका प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिईने सेवा र आयुर्वेद स्वास्थ्य

सेवामा उल्लेखित पूर्वकम अन्तर्गतका  निराग्नी स्वेद (जल, वायु सूर्यकिरण, पार्थिव तत्वको प्रयोग), अग्नि स्वेदन, अभ्यङ्ग (Massage), सत्वावजय चिकित्सा (योगाभ्यास, ध्यान आदी) का माध्यमबाट रोगको रोकथाम वा दीर्धजीवनका लागि सञ्चालन गरिने संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएका मापदण्ड पूरा गरी जुनसुकै नाममा संचालन भए तापनि आधार ग्रन्थ सहित अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाईनेछ ।

(ख) <u>आयुर्वेद चिकित्सा अन्तर्गत रहने सेवाहरु</u> :

<u>चिकित्सा सेवा</u> :

१. <u>रोग उपचार (आतुर विकार प्रशमन)</u>

(क) युक्ति व्यापाश्रय चिकित्सा

(ख) संशमन (औषधि चिकित्सा)

(ग) संशोधन (वमनादि पञ्चकम शोधन चिकित्सा)

(घ) दैव व्यापाश्रय

(ङ) सत्वावजय

(च) शस्त्र-प्रणिधान

(छ) योगाभ्यास

२. <u>स्वास्थ्य प्रवर्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा</u>

(क) प्रकृति विनिश्चय र परामर्श

(ख) स्वस्थवृत पालन-ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य, आहार विहार

(ग) रसायन

(घ) वाजीकरण

(ङ) पञ्चकम

(च) योगाभ्यास

(ग) <u>आयुर्वेद अस्पताल तथा नर्सिङ्ग होम सम्वन्धि मापदण्ड तथा पूर्वाधार</u> : स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धि निर्देशिका, २०७० अनुसार हुनेछ ।

(घ) <u>आयुर्वेद पूर्वकम पञ्चकम सेवा केन्द्र सम्वन्धि मापदण्ड तथा पूर्वाधारहरु</u> : स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धि निर्देशिका, २०७० अनुसार हुनेछ ।

(ङ) <u>होमियोप्याथिक चिकित्सा सेवा स्थापना तथा सञ्चालन सम्वन्धि मापदण्ड</u> : स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धि निर्देशिका, २०७० अनुसार हुनेछ ।

(च) <u>होमियोप्याथिक ईमर्जेन्सी सेवा</u> : स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धि निर्देशिका, २०७० अनुसार हुनेछ ।

(छ) <u>निजी स्तरका होमियोप्याथिक अस्पतालका पूर्वाधार</u> : स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धि निर्देशिका, २०७० अनुसार हुनेछ ।

(ज) <u>एक्यूप्रेसर</u> : स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धि निर्देशिका, २०७० अनुसार हुनेछ ।

(झ) <u>एक्यूपञ्चर सेवा अस्पतालका पूर्वाधार र मापदण्डहरु</u> : स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धि निर्देशिका, २०७० अनुसार हुनेछ ।

(ञ) <u>प्राकृतिक चिकित्सा अस्पतालका पूर्वाधारहरु</u> : स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धि निर्देशिका, २०७० अनुसार हुनेछ ।

## परिच्छेद ९

## अभिलेख तथा प्रतिवेदन सम्वन्धि व्यवस्था

२६. अभिलेख तथा प्रतिवेदन :

(१) प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु पालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सुचना प्रणली अनुसार अभिलेख राख्नु पर्नेछ । तोकिएको समयमा आफुले प्रदान गरेको सेवाको प्रतिवेदन पालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीको ढाँचामा सम्वन्धित पालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्वन्धित पालिकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न समेत सक्नेछ ।

(२) सुचना व्यवस्थापन गर्ने कर्मचारीलाई सम्वन्धित पालिकाको कार्यालयबाट एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणाली सम्वन्धि तालिम लिने व्यवस्था गराउनु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका बिरामीहरुको रोगको बिवरण ICD 10 अनुसार Coding गरी प्रतिवेदन गर्नु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा भएको जन्म तथा मृत्यूको घटना विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा दिनु पर्नेछ ।

(५) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा नेपाल सरकारले तोकेको notifiable disease का बिरामी पत्ता लागेको वा शंका लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै समवन्धित पालिकाको कार्यालयमा सुचना गर्नु पर्नेछ ।

## परिच्छेद १०

## सञ्चालन अनुमति नविकरण हुन नसक्ने अवस्था र खारेजी सम्वन्धि व्यवस्था

२७. **सञ्चालन अनुमति नविकरण नहुने** : (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नविकरण गरिने छैन् :-

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएको गुणस्तर वा पूर्वाधार पूरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ख) प्रारम्भिक वातावरणीय परिक्षणमा उल्लिखित शर्तहरु पालना नगरेको पाईएमा,

(ग) अस्पतालले प्रदान गरेका सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र बार्षिक प्रतिवेदन सम्वन्धित पालिकाको कार्यालयमा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहोरमैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्वन्धित निकाय वा पालिकाको कार्यालयले दिएको निर्देशनको उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएको समयभित्र भुकम्पीय दृष्टिकोणले भवन प्रवलिकरण गरेको नपाईएमा ।

२८. <u>**खारेजी गर्न सकिने**</u> : (क) यो निर्देशिका प्रारम्भ हुनु अघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाई सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा सम्वन्धित निकायले त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

(ख) गैर कानूनी क्रियाकलाप गरेको पाईएमा सम्वन्धित निकायले सम्वन्धित सेवा निलम्वन वा त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

(ग) दफा २७ र २८ मा तोकिएका कार्यहरु उलंघन गरेमा ।

## परिच्छेद ११

## <u>विविध</u>

२९. <u>**सेवा शुल्क निर्धारण समिति सम्वन्धि व्यवस्था**</u> : (१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरका आधारमा त्यस्ता स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्क सम्वन्धि मापदण्ड निर्धारण गर्नका लागी सम्वन्धित पालिकाले एउटा सेवा शुल्क निर्धारण समिति गठन गर्नेछ र उक्त समितिको सिफारिसको आधारमा सेवा शुल्क निर्धारण हुनेछ ।

(२) उपदफा (१) का प्रयोजनका लागि सेवा शुल्क निर्धारण समितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्वन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३०. <u>**मापदण्ड तथा अनुसुचीमा हेरफेर**</u> : सम्वन्धित पालिकाले यस निर्देशिकामा उल्लिखित मापदण्ड तथा अनुसुचीहरु आवश्यक्ता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ ।

३१. <u>**व्याख्या गर्ने अधिकार**</u> : यस निर्देशिकामा उल्लिखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा सम्वन्धित पालिकाले सो मापदण्डको व्याख्या गर्नेछ ।

३२. <u>**स्वतः अमान्य हुने**</u> : यस निर्देशिकामा लेखिएका कुनै कुरा प्रचलित कानूनको कुनै व्यवस्थासंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

# अनुसुची १

पूर्वाधार, स्थायी एवं स्तरोन्नती स्वीकृतिको प्रयोजनको लागि अनुगमन समिति सम्वन्धि व्यवस्था

(दफा २ को खण्ड (क) संग सम्वन्धित)

**पालिका स्तरीय**

| | |
|---|---|
| १. मे.सु./ मेडिकल अधिकृत | - संयोजक |
| २. पालिकाको प्रशाशनका अधिकृत स्तरको कर्मचारी (एक) | - सदस्य |
| ३. ल्याव टेक्नीसियन/अधिकृत (एक) | - सदस्य |
| ४. रेडियोग्राफर/अधिकृत (एक) | - सदस्य |
| ५. पव्लिक हेल्थ नर्स/ जनरल नर्स/अधिकृत (एक) | - सदस्य |
| ६. सब ईन्जिनियर/सिभिल ईन्जिनियर (एक) | - सदस्य |
| ७. पालिकाबाट मनोनित विज्ञ (एक) | - सदस्य |
| ८. स्वास्थ्य शाखा फाँट फोकल पर्सन (दुई) | - सदस्य |
| ९. पालिकाको स्वास्थ्य शाखा प्रमुख/संयोजक | - सदस्य सचिव |

पुनश्चः पालिकाको कार्यालयमा सबै सदस्यहरु उपलब्ध नभएको अवस्थामा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य/प्रदेश स्वास्थ्य कार्यालय तथा जिल्लामा अवस्थित अस्पतालका कर्मचारीहरुबाट सदस्य कायम गर्न सकिनेछ ।

नोट : समितिले आवश्यक्ता अनुसार सम्वन्धित  बिषयका बिशेषज्ञलाई समितिका सदस्यका रुपमा थप गर्न सक्नेछ ।


## अनुसुची २

### भवन सम्वन्धि मापदण्ड

(दफा २ को खण्ड (प) संग सम्वन्धित)

काठमाडौं उपत्यका बाहिर निर्माण गरिने स्वास्थ्य संस्थाका हकमा मापदण्डमा उल्लेख गरिएको भए सोही अनुसार तथा नभएका हकमा देहायका मापदण्ड अनुसार कायम गरिनु पर्नेछ ।

- अधिकतम ग्राउण्ड कभरेज - ४० प्रतिशत
- Floor Area Ratio (FAR) - ४० प्रतिशत
- न्युनतम पार्किङ्ग स्थल - जम्मा जग्गाको २५ प्रतिशत
- भवनका सेट ब्याक (set back) - कम्तिमा ३ मिटर भवनका चारैतिर
- लाईट प्लेन (Light Plane) - ६३.५ डिग्री




## अनुसुची ३

### पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि निवेदन फाराम

(दफा ४ को उपदफा (१) संग सम्वन्धित)

श्री ..................................................

........................................................ ।

निम्नानुसार प्रस्तावित अस्पतालका संचालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेश गरेको छु/छौ ।

निवेदन फाराम :

१. अस्पतालको नाम :-

२. साधारण सेवा/ विशेषज्ञ सेवा वा अस्पताल के हो उल्लेख गर्ने :-

३. अस्पतालको ठेगाना (पत्राचार गर्ने ठेगाना) :-

पालिका :- वडा नं. :- टोल :-

ब्लक नं. :- टेलिफोन/मोबाईल :- पो.ब.नं.

४. अस्पताल खोल्ने व्यक्तिहरु (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरुको मात्र ) :-

नाम :- ठेगाना :-

नागरिकता नं. :- मोबाईल नं. :-

फोन नं. :-

५. अस्पतालका लागि आवश्यक जग्गा र स्वामित्वका :-

(क) जग्गाका कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकार :-

(ख) लिजमा भए कबुलियतनामा पेश गर्ने :-

६. अस्पतालका वित्तिय स्रोत :-

(क) निजी लगानी (ख) बैंक कर्जा (ग) सरकारी (घ) अनुदान सहयोग

(ङ) गैरसरकारी संस्थाबाट कर्जा लिई संचालन गर्ने भए सो को विवरण (च) अन्य

वित्तिय लगानी (स्थिर पूँजी लागत) रु.............................

(क) भवन तथा जग्गाको लागि रु : ..........................

(ख) औजार उपकरणको लागि रु. :-

वित्तिय लगानी (चालु पूँजी लागत) रु.............................

रोजगार संख्या :-

अनुमानित आम्दानी :- रु. .............................

अनुमानित मूनाफा :- रु........................ मासिक :- रु. .................. त्रैमासिक :- रु. ..................

बार्षिक रु. ................................

**७. देहायका बिषयहरु समेत समावेश भएको व्यवसायिक कार्ययोजना**

(क) स्वीकृत संस्थाबाट प्रदान गर्ने सेवाहरुका विवरण :

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| • एक्स रे | खोप | प्रसुति तथा स्त्री रोग |

- अल्ट्रासाउण्ड　　गर्भवती, सुत्केरी जाँच　　जनरल मेडिसिन
- ईन्डोस्कोपी　　परिवार नियोजन　　जनरल सर्जिकल
- ई.सी.जी., ट्रेडमिल　　............................ ............................
- ...................... ............................... ............................
- ....................... ............................... ............................

(ख) संस्थामा सेवा पु¥याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने):

(१) विशेषज्ञ :-

नाम :-　　पद :-　　योग्यता:-　　पार्टटाईमः फुलटाईमः

(२) प्राविधिक :-

नाम :-　　पद :-　　योग्यता:-　　पार्टटाईमः फुलटाईमः

(३) प्रशासनिक :-

नाम :-　　पद :-　　योग्यता:-　　पार्टटाईमः फुलटाईमः

(१) संस्थामा काम गर्न प्राविधिक कर्मचारीहरु सम्वन्धित परिषदमा दर्ता भएका हुनुपर्नेछ । सम्वन्धित परिषदका प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) कर्मचारीहरुका योग्यताका प्रमाणित प्रतिलिपीका साथै कार्य गर्ने मन्जुरीनामा संलग्न हुनुपर्नेछ ।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

(४) प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुका समेत विवरण खुलाउने ।

## अनुसुची ४

## स्वास्थ्य संस्थाका स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि अनुमति प्राप्त गर्न दिने निवेदन फाराम

(दफा ५ को उपदफा (१) संग सम्वन्धित)

(१) **संस्थाको नाम :-** शैया संख्या :-

(२) **साधारण सेवा /विशेषज्ञ सेवा अस्पतालमा कुन हो उल्लेख गर्ने :-**

(३) **संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना) :-**

अञ्चल :- वडा नं. :- टोल :-

जिल्ला :- ब्लक नं. :- टेलिफोन नं. :-

(४) **संस्था खोल्ने व्यक्तिहरु :-**

| | |
|---|---|
| नाम :- | नाम :- |
| नागरिकता नं. :- | नागरिकता नं. :- |
| ठेगाना :- | ठेगाना :- |
| फोन नं. :- | फोन नं. :- |
| मोबाईल नं. :- | मोबाईल नं. :- |

(५) **संस्थाका वित्तीय स्रोत :-**

(क) निजी :-

(ख) शेयर कर्जा :-

(ग) सरकारी :-

(घ) गैर सरकारी संस्थाबाट कर्जा लिई संचालन गर्ने भए सो उल्लेख गर्ने :-

**वित्तिय लगानी :- (लागत) रु.**

(क) भवन तथा जग्गाका लागि :-

(ख) औजार उपकरण :-

(ग) जनशक्ति :-

**अनुमानित आम्दानी :-**

आम्दानी: स्वदेशी :- विदेशी :-

अचल सम्पतिको स्रोत :- अनुमानित मुनाफा :- मासिक :-

त्रैमासिक :- बार्षिक :-

**६. नर्सिङ्ग होम तथा निजी अस्पतालका वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरण कुन कुन सेवा पुऱ्याउने हो ? खुलाउने ।**

| निदानातमक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | अन्य सेवा |
|---|---|---|---|
| एक्स -रे | खोप | प्रसुति तथा स्त्रीरोग | |
| एम.सि.एच.क्लिनिक | | | |

प्याथोलोजी (ल्याव) सेवा आहार विहार नजरल मेडिसिन परिवार नियोजन

अल्ट्रासाउण्ड जनरल सर्जिकल विशेषज्ञ

ई.सि.जी., ट्रेडमील प्रयोगशाला सेवाहरु जस्तैः- इण्डोस्कोपी

सर्जिकल सेवा तथा रुजाहार प्रसुति सेवा, मृगौला रोग,

व्यवस्थापन स्नायु, दन्तरोग सेवा आदी ।

**७. संस्थामा प्रयोग हुने आवश्यक मूख्य उपकरणहरुको विवरण तथा स्रोत :-**

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

(ज)

(झ)

**८. संस्थामा सेवा पुऱ्याउने कर्मचारीहरुको बिवरण सम्बन्धित मापदण्ड अनुसार :-**

(क) विशेषज्ञ :-

नाम :- पद :- योग्यता :- पार्टटाईम फूलटाईम

(ख) प्राविधिक :-

नाम :- पद :- योग्यता :- पार्टटाईम फूलटाईम

(ग) पशासनिक :-

नाम :- पद :- योग्यता :- पार्टटाईम फूलटाईम

**नोट :**

(१) सम्वन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु पूरा भएपश्चात मात्र सेवा संचालन गर्न पाईनेछ ।
(२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरु संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनुपर्ने ।
(३) सबै शुल्क बिवरण विस्तृत रुपमा उल्लेख हुनुपर्ने ।
(४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्वन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्वन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।
(५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।
(६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसारका स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

(७) प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने ।

**नोट : स्वास्थ्य संस्था सञ्चालनका लागि निवेदन दिदा संलग्न गर्नुपर्ने कागजातहरु**

(१) निवेदन फारम
(२) कम्पनी दर्ता/ संस्था दर्ताको प्रमाणित प्रतिलिपी
(३) संस्था/कम्पनीको विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपी
(४) स्थायी लेखा दर्ता प्रमाण-पत्रका प्रतिलिपी
(५) स्थापना गर्न लागिएका ठाँउमा असपताल आवश्यक छ भन्ने सम्वन्धित वडाको सिफारिस पत्र
(६) अस्पतालमा काम गर्ने जनशक्ति सम्वन्धि विवरण
  (क) बायोडाटा
  (ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपी
  (ग) प्राविधिक कर्मचारीहरुले सम्वन्धित काउन्सिलका दर्ता प्रमाण पत्रको प्रतिलिपी
  (घ) नागरिकता प्रमाणपत्रका प्रतिलिपी
  (ङ) जनशक्तिहरुको काम गर्ने समय (पार्ट टाईम/फुल टाईम) किटान गर्नुपर्नेछ ।
  (च) मन्जुरीनामा/कबुलियतनामा
(७) औजार उपकरणका बिवरण तथा स्रोत
(८) सम्पूर्ण सेवा शुल्क बिवरण
(९) भौतिक सामग्रीको बिवरण
(१०) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) स्वीकृती पत्रका प्रतिलिपी
(११) अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव
(१२) अस्पतालको आर्थिक नियमावली
(१३) अस्पतालले लिने सेवा शुल्क विवरण र गरीब तथा असहायलाई छुट दिने नीति
(१४) प्रदान गरिने सेवाको विवरण
(१५) जग्गा/घरका स्वामित्व
(१६) घर/कोठा बहालमा लिई सञ्चालन गर्ने भए घर बहाल सम्झौता पत्र र भवन स्वास्थ्य संस्था संचालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्वन्धि सिफारिस पत्र
(१७) भवनका स्वीकृत नक्सा
(१८) संस्थाका चल अचल सम्पति बिवरण तथा वित्तीय स्रोत
(१९) संस्थाका कार्य योजना (Scheme)
(२०) PAN मा दर्ता र सो दर्ता नम्बर
(२१) कर चुक्ता प्रमाण पत्र (लागु हुने अवस्थामा मात्रै)
(२२) लेखापरीक्षण प्रतिवेदन (लागु हुने अवस्थामा मात्रै)
(२३) बिरामी बडापत्रको नमूना
(२४) सम्वन्धित निकायका भवन संहिता सम्वन्धि स्वीकृती पत्र
(२५) रु. १० को हुलाक टिकट
(२६) मूल्य अभिबृद्धी कर वा आयकरमा दर्ता भएको प्रमाण पत्र
(२७) भवन निर्माण सम्पन्न प्रमाण पत्र
(२८) सम्वन्धित निकायबाट भवनका नक्सा डिजाईन र निर्माण राष्ट्रिय भवन संहिताका मापदण्ड बमोजिम भएका स्वीकृति पत्र ।

## अनुसुची ५

स्वास्थ्य क्लिनिक/रेडियो ईमेजिङ सेवा/पोलिक्लिनिक सञ्चालन अनुमति माग गर्ने निवेदन फारम

(दफा ५ को उपदफा (१) संग सम्वन्धित)

**१. संस्थाको नाम :-** शैया संख्या :-

**२. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना) :-**

अञ्चल :- पालिका :- ब्लक नं. :-

जिल्ला :- वार्ड नं. :- टेलिफोन नं. :- पो.व.नं. :-

**३. संस्था खोल्ने व्यक्तिहरु :-**

नाम :- नागरिकता :-

ठेगाना :- फोन नं. :-

**४. संस्थाका वित्तीय स्रोत :-**

क. निजी :- ख. शेयर कर्जा :- ग. वैदेशिक :-

घ. गैर सरकारी :- ङ. सामुदायिक च. अन्य

**५. संस्थाका क्षमता तथा बिस्तृत कार्ययोजना :-**

**सेवा प्रदान गर्ने क्षेत्रहरु :-**

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| एक्स रे | खोप | प्रसुति तथा स्त्रीरोग |
| अल्ट्रासाउण्ड | एम.सि.एच. | जनरल मेडिसिन |
| इण्डोस्कोपी | परिवार नियोजन सेवा | जनरल सर्जिकल |

विशेषज्ञ सेवा

ई.सि.जी., ट्रेडमिल प्रयोगशाला जस्तै :- आँखा, नाक, मुटु, अन्य सेवा :- फार्मेसी मृगौला, स्नायुरोग आदी

**६. सेवा शल्क (अलग र स्पष्ट संग) खुलाउन अन्य सेवा :-**

**७. संस्थामा सेवा हुन आवश्क उपकरणहरुको बिवरण तथा स्रोत :-**

**८. संस्थामा सेवा पुऱ्याउन जनशक्ति बिवरण :-**

संख्या/योग्यता/अनुभव/पार्टटाईम/फुलटाईम/अन्य सुविधा

सामान्य चिकित्सक : विशेषज्ञ चिकित्सक : अन्य प्राविधिक :

**नोट :**

(१) सम्वन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा सञ्चालन गर्न पाईनेछ ।

(२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरु संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनुपर्नेछ ।

(३) संस्थामा कार्य गर्न कर्मचारीहरु सम्वन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्वन्धित परिषदका प्रमाणपत्रहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(४) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिहरु संलग्न हुनु पर्नेछ ।

(५) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुनुपर्ने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसारका स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ।

## अनुसूची ६

स्वास्थ्य संस्था स्थापना तथा नविकरण अनुमति दस्तुर

(दफा ८ र ९ को उपदफा (२) संग सम्बन्धित

| सि.नं. | संस्थाका किसिम | शुल्क निर्धारण ईकाई | स्थापनाका लागि दस्तुर रकम | नविकरणका लागि दस्तुर रकम रु. |
|---|---|---|---|---|
| १. | अस्पताल तथा नसिङ्ग होम | शैया संख्या | प्रति शैया रु. ४,०००।- | प्रति शैया रु. ५००।- |
| २. | डायग्नोस्टिक सेन्टर | सेवा प्रकार | प्रति सेवा रु. १०,०००।- | प्रति सेवा रु. १,०००।- |
| ३. | पोलिक्लिनिक/क्लिनिक | सेवा प्रकार | प्रति सेवा रु. १०,०००।- | प्रति सेवा रु.१,०००।- |
| ४. | आयुर्वेद अस्पताल/वैकल्पिक चिकित्सा | शैया संख्या | प्रति शैया रु. २,०००।- | प्रति शैया रु. ५००।- |
| ५. | आयर्वेद क्लीनीक | सेवा प्रकार | प्रति सेवा रु. ५,०००।- | प्रति सेवा रु. ५००।- |

**नोटः**

नेपाल सरकारले तोकेका दर्गम क्षेत्रमा स्वास्थ्य संस्था स्थापना वा बिस्तार गरेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरि माथि उल्लिखित दस्तुरमा “क” बर्गका लागि पचहत्तर प्रतिशत, “ख” बर्गका लागि पचास प्रतिशत र “ग” बर्गका लागि पच्चिस प्रतिशत छुट दिईनेछ ।

**पुनश्च** : सामुदायिक अस्पताल र सहकारी अस्पतालको हकमा माथी निर्धारित रकमको २५% मात्र शुल्क लाग्नेछ ।

## अनुसूची ७

स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको बिरामी बडापत्रको ढाँचा

(दफा १५ को उपदफा (१) को बुदा (ट) संग सम्बन्धित

| सि.नं. | शाखा | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची ८

स्वास्थ्य संस्थाबाट आकस्मिक सेवाको लागि चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरणको ढाँचा

(दफा १५ को उपदफा (१) को बुदा (थ) संग सम्बन्धित

मिति :

| क.सं. | स्वास्थ्यकर्मीको नाम | पद | समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,
टोम प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत